गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की

प.सं :- २०८३/८४

च.नं.:- ९

मिति :-२०८३/०४/०१

विषयः- आ.व. २०८३/८४ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सम्बन्धी सूचना ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिएको बमोजिम हुने खरिद सम्बन्धी कार्यक्रमको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट आ.व. २०८३/८४ मा मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संस्था वा व्यक्तिहरूलाई सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रूपमा खोली यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन गर्न सूचित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,

ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र।

ग) आ.व.२०८२/८३ को करचुक्ता प्रमाणपत्र र

घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र ।

(क) खरिद तथा आपूर्तितर्फ

१. मसलन्द तथा कार्यालय सामग्री।

२. मेसिनरी सामानहरू (कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, प्रोजेक्टर, UPS, Air Condition लगायत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)।

३. नेटवर्किङ सम्बन्धी सामानहरू।

४. छपाइ सम्बन्धी कार्य।

५. पिउने पानी।

६. फर्निचर एवं फर्निसिङका सामग्रीहरू।

७. सवारी साधनका पार्टपुर्जाहरू।

८. पत्रपत्रिका तथा पुस्तक।

९. सेनिटरी तथा हार्डवेयरका सामग्रीहरू।

१०. सञ्चार साधनका पार्टपुर्जाहरू।

(ख) निर्माण तथा मर्मततर्फ

१. सवारी साधन (मोटर, मोटरसाइकल)।

२. मेसिनरी उपकरण (कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, स्क्यानर, UPS, Air Condition लगायत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)।

३. भवन तथा भौतिक संरचना, रंगरोगन आदि।

४. फर्निचरहरू।

५. सञ्चार उपकरणहरू।

(ग) सेवातर्फ

१. कम्प्युटर नेटवर्क, इन्टरनेट सेवा सम्बन्धी कार्य।

२. सफ्टवेयर तथा हार्डवेयर

३. होटल तथा रेष्टुरेण्ट सम्बन्धी सम्पूर्ण सेवाहरु

मुना अधिकारी

उपसचिव(नवौं)